**अजिरकोट गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भच्चेक, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

**आ.व. २०८३/०८४ को नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा, ग्राभेल) उत्खनन गरी बिक्री गर्ने कार्य सम्बन्धि**

# बोलपत्र फारम

**ठेक्का नं:-**

**विवरण:-**

बोलपत्र फारम खरिदको लागि जम्मा गरेको भौचर विवरण:-

कारोबार संकेत नं:-

मिति:

अजिरकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यलाय

भच्चेक, गोरखा

गण्डकी प्रदेश, नेपाल

## आ.व.२०८३/८४ को नदीजन्य पदार्थ उत्खनन गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८३/०५/१८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अजिरकोट गाउँपालिकाको आर्थिक ऐन, २०८२, अजिरकोट गाउँपालिकाको खरिद नियमावली, २०७६ र अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०४/२९ को निर्णय बमोजिम अजिरकोट गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने चेपे नदी र दरौंदी नदीका तपशिलमा उल्लेखित नदी घाटहरुबाट नदीजन्य पदार्थ (ढुंगा, गिटी, बालुवा) उत्खनन् गरी विक्री वितरण तथा आन्तरिक निकासीको लागि बढी बढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले आ.व. २०८३/०८४ को फर्मको नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी, आ.व. २०८२/०८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी वा कर विवरण पेश गरेको कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको प्रमाण पत्रको प्रतिलिपि संग्लन गरी उक्त कार्य गर्न योग्य भएको स्व-घोषणा संग्लन गरी बोलपत्रको फारममा रहेका शर्तहरुको अधिनमा रही रितपुर्बक शिलबन्दी बोलपत्र पेश गर्नको लागि प्रथम पटक सूचना आह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशन गरिएको छ।

**ठेक्का संवन्धी विस्तृत विवरणः**

| **ठेक्का संकेत नं** | **ठेक्काको नाम** | **संक्षिप्त वातावरणीय परिक्षण बमोजिम उत्खनन गर्न सकिने अधिकतम परिमाण (घ.फि)** | **ढुंगा गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ उत्खनन बापत न्युनतम रकम (करहरु बाहेक)** | **बोलपत्र फाराम दस्तुर रु.** | **धरौटी रकम** | **बोलपत्र पेश गर्ने अवधी** |
|---|---|---|---|---|---|---|
| ARM/IR/01/2083/84 | अजिरकोट गाउँपालिका वडा नं. २ अन्तर्गत पर्ने चेपे खोला क्षेत्रको सिस्नेरीघाट बगर क्षेत्र | 60816.00 | 486,528.00 | ३००० | मु.अ.कर सहितको कबोल अंकको ५ प्रतिशत | सूचना प्रकाशन भएको मितिले २२ औं दिन (२०८३/०६/०८) को १२:०० बजेभित्र |
| ARM/IR/02/2083/84 | अजिरकोट गाउँपालिका वडा | 40307.80 | 322,462.40 | | | |

<table>
<tr><td></td><td>नं. ३ अन्तर्गत पर्ने चेपे खोला क्षेत्रको चेपेदोभान बगर क्षेत्र</td><td></td><td></td><td rowspan="5">३०००</td><td rowspan="5">मु.अ.कर सहितको कबोल अंकको ५ प्रतिशत</td><td rowspan="5">सूचना प्रकाशन भएको मितिले २२ औं दिन (२०८३/०६/०८) को १२:०० बजेभित्र</td></tr>
<tr><td>ARM/IR/03/2083/84</td><td>अजिरकोट गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको धादिङे बगर क्षेत्र</td><td>96850.70</td><td>774,805.60</td></tr>
<tr><td>ARM/IR/04/2083/84</td><td>अजिरकोट गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको ढड्डेबगर क्षेत्र</td><td>108374.70</td><td>866,997.60</td></tr>
<tr><td>ARM/IR/05/2083/84</td><td>अजिरकोट गाउँपालिका वडा नं. ५ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको झयाल्ला घाट क्षेत्र</td><td>25847.80</td><td>206,782.40</td></tr>
<tr><td>ARM/IR/06/2083/84</td><td>अजिरकोट गाउँपालिका वडा नं. ५ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको चनौटे बगर क्षेत्र</td><td>45011.10</td><td>360,088.80</td></tr>
</table>

**प्रमुख प्रशासकीय अधिकृत**

**बोलपत्र पत्र सम्बन्धी शर्तहरुः**

१ इच्छुक नेपाली बोलपत्रदाताले मिति २०८३/०६/०७, दिनको ५:०० बजेसम्ममा अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भच्चेकबाट तल उल्लेखित खातामा बोलपत्र दस्तुर बापत जम्मा गरेको ने. रू. ३००० को सक्कल भौचर पेश गरि फारम फाराम प्राप्त गर्न सक्नु हुनेछ

**बोलपत्र दस्तुर बापत राजश्व खाता**

**खाता न:- ३२४०१००३०१०१०००२**

**खाताको नाम:- AJIRKOT GA.PA. (GA-1-1) AANTARIK RAJSAWA**

**बैंकको नाम:- राष्ट्रिय बाणिज्य बैंक लिमिटेड**

**कार्यालयको नाम:- अजिरकोट गाउँपालिका (८०१०४३६०३)**

**राजश्व शीर्षक न:- १४२२९**

२ फारममा उल्लेख गरीएको सम्पुर्ण विवरण भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी खामबंन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, ठेक्काको विवरण, प्रोपराईटरको नाम, ठेगाना, मोवाइल नं. स्पष्ट रुपमा भरी फर्मको छाप लगाई मिति २०८३/०६/०७ दिउसो १२:०० बजेसम्म यस अजिरकोट गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, भच्चेक, गोरखा पेश गर्नुपर्दछ।

३ रितपुर्बक दर्ता भएका बोलपत्र बोलपत्रदाता वा निहको प्रतिनिधीहरु समेतको रोहवरमा मिति २०८३/०६/०८ दिउँसो १३:०० बजे अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भच्चेकमा खोलिने छ। बोलपत्र दाता वा प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र खोल्ने दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खोलिने छ।

४ बोलपत्र फारम पेश गर्दा निवेदन सहित फर्म वा कम्पनीहरुले आ.व. २०८३/०८४ को फर्मको नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी, मुल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी, आ.व. २०८२/०८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी वा कर विवरण पेश गरेको कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको प्रमाण पत्रको प्रतिलिपि, बोलपत्र बापतको दस्तुरको सक्कल भौचर, उक्त कार्य गर्न योग्य भएको स्व-घोषणा संग्लन गरी बोलपत्र सिलबन्दी गरी अनिवार्य पेश गर्नु पर्नेछ।

५ बोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसंग लेखी कबोल अंकमा मु.अ कर जोडी आउने रकमको ५% (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लि., भच्चेक शाखा मा रहेको धरौटी खाता नं. ३२४०१०००३०३०१०००२ (खाताको नाम AJIRKOT GA.PA.)GA-3-1) DHARAUTI ACCOUNT) मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानी पत्र (Bid Bond) बोलपत्रको साथ पेश गर्नु पर्नेछ।

६ कबोल गरेको रकमको अंक अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिईनेछ।

७ यस पुर्ब यस कार्यालयबाट कुनैपनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको बोलपत्रदाताबाट पेश भएको बोलपत्रलाई मान्यता दिईने छैन, तर बोलपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा बोलपत्र पेश गर्न कुनै बाधा पर्ने छैन।

८ ठेक्का सम्झौता गर्दा कबोल अंकको १.५% अग्रिम आयकर, १३% मु.अ.कर सहितकुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ । साथै कबोल अंकमा लाग्ने अग्रिम आयकर र मु.अ.कर बोलपत्रदाताले आन्तरिक राजश्व कार्यालय, गोरखामा दाखिला गरी सम्झौताको समयमा दाखिला गरेको सक्कल भौचर समेत यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

९ स्वीकृत ठेक्कालाई २ किस्तामा बिभाजन गरिएको छ। पहिलो किस्ता वापत ५०%, दोस्रो किस्ता वापत ५०% मध्ये पहिलो किस्ता ५०% सम्झौताका बखत दाखिला गरि बाँकि ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्याता प्राप्त बैंकबाट २०८२ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाइ किस्ताको भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

१० कुनै शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

११ पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२ ढुङ्गा, गिटी, बालुवा, दहत्तर, बहत्तरको उत्खनन तथा संकलन कार्य सूर्यास्त देखी सूर्योदय नहुँदासम्म गर्न पाईने छैन।

१३ प्राकृतिक स्रोत साधन ओसारपसार गर्दा प्रयोग गरिने बाटो सार्वजनिक मैदानमा निश्चित तोकिएको एउटै बाटो प्रयोग गर्नुपर्ने तथा निकासी भाग प्रयोग गरिएको बाटो गा.पा. कार्यालयको निर्देशनमा बोलपत्रदाताले मर्मत सुधार गर्नुपर्नेछ।

१४ प्राकृतिक स्रोत साधन प्रयोग तथा बिक्रीकर संकलन गर्ने प्रयोजनको लागि गा.पा. कार्यालयको आवश्यकता अनुसार डिपो निर्धारण गर्न सकिनेछ । साथै स्थानीय तहबाट निकासी गरिने नदीजन्य पदार्थको निकासी कर सम्बन्धित डिपोमा बुझाउनु पर्नेछ ।

१५ पानीले भिजेको र पानी चुहाएर ढुङ्गा, गिटी, बालुवा, दहत्तर, बहत्तर बोकेको ढुवानीका साधन सडकमा गुडाउन पाईने छैन ।

१६ ढुवानी साधनले बहन गर्न पाउने तौल भन्दा बढी तौल राखी वा न्यून विलकाटी ढुवानीका साधन सडकमा गुडाउन र नछोपी खुल्ला रुपमा ढुवानी गर्न पाईने छैन ।

१७ नेपाल सरकारको मौजुदा कानुनी व्यवस्था अनुसार सामान्यतताः आषाढ १ देखि, श्रावण महिना र भाद्र १५ गते सम्म (२ महिना १५ दिन) नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न नपाईने व्यवस्था भएकाले सोको पालना गर्नुपर्नेछ ।

१८ उत्खनन गरिएको नदीजन्य पदार्थ नदी किनारा वा सार्वजनिक चौरमा घाटगद्धी गर्न पाईने छैन, त्यसका लागि बोलपत्रदाताले आफ्नो अलग्गै जग्गाको व्यवस्थापन गर्नुपर्नेछ ।

१९ कुनै पनि बन्द हडताल, प्राकृतिक प्रकोप आदी कारण देखाई छुट वा मिनाहाको दावी गर्न पाईने छैन। नदीजन्य पदार्थ उत्खनन संकलन तथा ढुवानी गर्दा निजी जग्गाको बाटो भै नदी किनारामा पुग्नुपर्ने संबंधमा वा अन्य कुनै विवाद उत्पन्न भएमा बोलपत्रदाता स्वंयमले व्यवस्थापन गर्नुपर्नेछ ।

२० माथि उल्लेखित सर्तहरु उल्लघन गरेमा वा तोकिएको किस्ता म्याद भित्र नबुझाइमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट अशुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईने छ। साथै अशुल गर्न बाकी रकममा 10% प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाकी सरह अशुल उपर गरिनेछ।

२१ यो ठेक्का संग सम्बन्धी सम्पूर्ण सरोकारबालाको सुविधाका लागि सुचना प्रकाशित मितिले १० औं दिन प्रि-बिड छलफल राखिने हुनाले उक्त दिन कार्यालय समयमा ईच्छुक फर्म वा कम्पनीहरुलाई यस कार्यालयमा उपस्थितीका लागि जानकारी गराईन्छ।

२२ विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको फोन नंः ९८५६०१००५५ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ। साथै यस कार्यालयको वेवसाईट www.ajirkotmun.gov.np बाट समेत जानकारी लिन सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

**ज्ञानुराम पन्थी**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,**

**अजिरकोट गाउँपालिका,**

मितिः........................

**गाउँ कार्यपालिकाको कार्यालय,**

**भच्चेक, गोरखा ।** **विषयः बोलपत्र पेश गरेको सम्बन्धमा ।**

अजिरकोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको मिति २०८३/०५/१७ गते प्रथम पटक प्रकाशित ठेक्का नं :- ....................... अजिरकोट गाउँपालिका, वडा नं. ...., .......... नदी स्थित..........................क्षेत्र घाट को नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा, ग्राबेल) उत्खनन् गरी बिक्री गर्ने कार्यको ठेक्कामा उल्लेख बमोजिम कार्यालयकोले राखेको शर्त एबम प्रचलित कानुनको अधिनमा रही तपसिल कागजात यसै निबेदनसाथ संग्लन गरी ठेक्का लिने मेरो मन्जुरी भएकाले आ.व. २०८३/०८४ को नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा, ग्राभेल) उत्खनन गरी बिक्री गर्ने कार्य सम्बन्धि बोलपत्र आह्वान गरिएको सूचना अनुसार आफूले कबोल गरेको रकम यो बोलपत्र फाराममा पेश गरेको छु ।

**तपसिलः-**

1. धरौटीको लागि ५% (मु.अ.कर सहित) हुने रकम ने.रु ......................................को बैंक जमानत (जमानत जारी गर्ने बैंकको नाम:- .................................., जारी मितिः-........................., जमानत नं ....................., जमानतको अबधिः- .................... सम्म वा

2. अजिरकोट गाउँपालिका, गाउँपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड, भच्चेक शाखामा रहेको धरौटी खाता मा मिति ../..../.. र कारोबार संकेत (Transaction No:-.........................)

3. आ.व. २०८३/०८४ को फर्मको नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी,

4. मूल्य अभिबृद्धिकर दर्ता प्रमाण-पत्रको प्रतिलिपी,

5. आ.व. २०८२/८३ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, वा कर विवरण पेश गरेको कागजात वा आय विवरण पेश गर्न म्याद थप भएको प्रमाण पत्रको प्रतिलिपि

6. बोलपत्र दस्तुर बापतको राजश्व भौचरको सक्कल, कारोबार संकेत नं .........................

बोलपत्रदाताको नामः-
प्रो.नामः-

ठेगानाः-
सहिः-
छापः-
सम्पर्क नंः-

# अजिरकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

**भच्चेक, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

## कबोल अंक भर्ने फारम

**ठेक्का नं:-**

**विवरण/घाटको नाम:-**

**कबोल गरेको रकम (करहरु बाहेक)**

| **अंकमा** | **अक्षरमा** |
|---|---|
| | |

(कबोल गरेको रकम अंक र अक्षर दुवैमा लेख्नु होला, साथै कबोल अंकमा १.५% अग्रिम आयकर, १३% भ्याट जोडी हुन आउने जम्मा रकम सम्झौता रकम हुनेछ)

बोलपत्रदाताको नाम:-

प्रो.नाम:-

ठेगाना:-

सहि:-

छाप:-

सम्पर्क नं:-

# अजिरकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### भच्चेक, गोरखा

### गण्डकी प्रदेश, नेपाल

**कार्यक्रमको नामः- आ.ब. २०८३/२०८४ को नदीजन्य पदार्थ ( ढुंगा, गिट्टी, बालुवा, ग्रावेल ) उत्खन गरी बिक्री गर्ने कार्य सम्बन्धि**

| क्र.स. | ठेक्का संकेत नं | ठेक्काको नाम | संक्षिप्त वातावरणीय परिक्षण बमोजिम उत्खनन गर्न सकिने अधिकतम परिमाण (घ.फि) | गण्डकी पर्देश आर्थिक ऐन २०८३ वमोजिम स्वीकृत दररेट ( घ. फि. ) | ढुंगा गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ उत्खनन बापत न्युनतम रकम (करहरु बाहेक) |
|---|---|---|---|---|---|
| 1 | ARM/IR/01/2083/84 | अजिरकोट गाउँपालिका वडा नं. २ अन्तर्गत पर्ने चेपे खोला क्षेत्रको सिस्नेरीघाट बगर क्षेत्र | 60816.00 | 8.00 | 486,528.00 |
| 2 | ARM/IR/01/2083/84 | अजिरकोट गाउँपालिका वडा नं. ३ अन्तर्गत पर्ने चेपे खोला क्षेत्रको चेपेदोभान बगर क्षेत्र | 40307.80 | 8.00 | 322,462.40 |
| 3 | ARM/IR/01/2083/84 | अजिरकोट गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको धादिङे बगर क्षेत्र | 96850.70 | 8.00 | 774,805.60 |
| 4 | ARM/IR/01/2083/84 | अजिरकोट गाउँपालिका वडा नं. १ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको ढड्डेबगर क्षेत्र | 108374.70 | 8.00 | 866,997.60 |
| 5 | ARM/IR/01/2083/84 | अजिरकोट गाउँपालिका वडा नं. ५ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको झयाल्ला घाट क्षेत्र | 25847.80 | 282.48 | 206,782.40 |
| 6 | ARM/IR/01/2083/84 | अजिरकोट गाउँपालिका वडा नं. ५ अन्तर्गत पर्ने दरौंदी खोला क्षेत्रको चनौटे बगर क्षेत्र | 45011.10 | 8 | 360,088.80 |
| | | | | Total= | **30,17,664.80** |